


# बजार अवलोकन २२

फागुन २०६६

निम्न संस्थाहरुद्वारा संयुक्त रुपमा प्रकाशित :
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास
नेपाल उद्योग वाणिज्य महासंघ –कृषि उद्यम केन्द
उपभोक्ता हित संरक्षण मञ्च

## प्रमूख बुँदाहरु

- ***राष्ट्रिय रुपमा उच्च खाद्यान्न मूल्य हाल सम्म पनि उल्लेख्य चासोको विषय रहेको छ। नेपाल राष्ट बैंक द्वारा उपलब्ध गराईएको पछिल्लो तथ्याङ्क अनुसार खाद्य पदार्थको वार्षिक मूल्य बृद्धि गत महिनामा १७.८ प्रतिशत थियो भने यस महिनामा बृद्धि भएर १८.१ प्रतिशत भएको छ। उच्च खाद्यान्न मूल्यले समग्रमा उपभोक्ता मूल्यमा बृद्धि भएको छ, जुन अहिले ११.८ प्रतिशत भएको अनुमान गरिएको छ।***
- ***हालैको राम्रो बालि पश्चात आलुको मूल्य घट्ने क्रम जारी रहेको छ। गत महिनाको तुलनामा आलुको मूल्य यस महिना ३५ प्रतिशतले घटेको छ। यद्यपि, गत वर्ष यहि समयको तुलनामा भने आलुको मूल्य अझै बढी नै छ।***
- ***पोखरामा देखा परेको बर्ड फ्लूका कारण खसी लगायत अन्य मासुको माग तिब्र रुपमा बढेको छ। काठमाडौंमा खसिको मासुको मूल्य रु. ५० ले बढ्न गई प्रति किलो रु. ५०० पुगेको छ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

- गत महिना मुख्य खाद्य वस्तुहरुको मूल्य नेपाल भर सामान्यतया स्थिर रह्यो वा हल्का रुपमा घट्न पुग्यो । विश्व खाद्य कार्यक्रम र कृषि तथा सहकारी मन्त्रालयद्वारा नियमित अनुगमन गरिने बजारहरुमा यस महिना मोटा चामलको औसत मूल्य रु. ३१ प्रति किलो (गत महिना ३२); राष्ट्रिय स्तरमा गहुँको औसत मूल्य रु. ३२ प्रति किलो (गत महिना ३५) र मासको दालको मूल्य ११३ प्रति किलो (गत महिना ११०) भएको पाइयो । हालै भित्रचाइएको वर्षे बालिले स्थानीय बजारहरुको खाद्य संचिती पुन परिपूर्ति गरेको हुनाले अन्नको मूल्य सामान्यतया स्थिर रहेको छ। यद्यपि, वर्षे बालिको उत्पादन कम हुनाले, वर्षको यस समयमा सामान्यतया आशा गरे अनुरुप खाद्यान्न मूल्य उल्लेख्य रुपमा घट्न सकेन।
- केही अगाडि भित्रचाइएको राम्रो बालि पश्चात आलुको मूल्य निरन्तर घटिरहेको छ। गत महिनाको तुलनामा आलुको मूल्य यस महिना ३५ प्रतिशतले घटेको छ। यद्यपि, गत वर्ष यहि समयको तुलनामा भने आलुको मूल्य अझै बढी नै छ; गत वर्षको मूल्य रु १६ प्रति किलो थियो भने हाल यसको मूल्य रु. २० प्रति किलो छ।
- राष्ट्रिय रुपमा उच्च खाद्यान्न मूल्य हाल सम्म चासोको विषय रहेको छ । नेपाल राष्ट्र बैंक द्वारा उपलब्ध गराइएको पछिल्लो तथ्याङ्क अनुसार खाद्य पदार्थको वार्षिक मूल्य बृद्धि गत महिना १७.८ प्रतिशत थियो भने हाल बृद्धि भएर १८.१ प्रतिशत भएको छ । उच्च खाद्यान्न मूल्यले समग्रमा उपभोक्ता मूल्यमा बृद्धि भएको छ, जुन अहिले ११.८ प्रतिशत भएको अनुमान गरिएको छ।
- पोखरामा देखा परेको बर्ड फ्लूका कारण खसी लगायत अन्य मासुको माग तिब्र रुपमा बढेको छ । बर्ड फ्लू देशको अन्य भागहरुमा पनि फैलिएको हुन सक्ने अनुमान छ। काठमाडौंमा खसिको मासुको मूल्य रु. ५० ले बढ्न गई प्रति किलो रु. ५०० पुगेको छ।

### आपूर्ति

- यस महिना नेपाल भर सामान्यतया आपूर्तिमा सुधार आएको छ । यद्यपि, मुगुको खाद्यान्न आपूर्तिमा भने हिमपातले बाधा पुऱ्याएको थियो र यसले गर्दा बजारको खाद्य संचिती लगायत विश्व खाद्य कार्यक्रमको खाद्य सहयोग ढुवानीमा पनि धेरै दिन सम्म ढिलाई भएको थियो।
- ग्याँस व्यवसायीहरुले गरेको आन्दोलनाका कारण देश भर खाना पकाउने ग्याँसको आपूर्तिमा प्रभाव परेको थियो। यद्यपि, फागुनको मध्ये तिर आन्दोलन फिर्ता लिइएको छ । सर्वेक्षण गरिएका ७० प्रतिशत भन्दा बढी पहाडी बजारहरुमा गत महिना खाना पकाउने ग्याँसको आपूर्ति अपर्याप्त थियो।
- सप्तरी, सिरहा, बारा, दैलेख, जुम्ला, कैलाली र कञ्चनपुर जस्ता बजारहरु गत महिना कम्तिमा एक दिन बन्द रहे।
- सञ्चार माध्यमहरुमा प्रकाशित रिपोर्ट अनुसार माओवादी सम्बन्धित संगठनहरुले व्यापक जमीन कब्जा गर्ने सिलसिलाको क्रममा मोरङ्ग र सुनसरीमा ११९ हेक्टर जमीन कब्जा गरेको तथा सुनसरीमा ८ मे. ट. चामल कब्जा गरेको समाचार आएको छ।
- भारत सरकार ५०,००० मे. ट. गहुँ नेपालमा निर्यात गर्न दिन मञ्जुर भएको छ र थप खाद्यान्न निर्यातकालागि वार्ता भईरहेको रिपोर्ट आएको छ।


### पुर्वानुमान

- नेपालमा कमजोर वर्षे बालिका कारण ४००,००० मे. ट. सम्म (कूल आवश्यकताको ७.५ प्रतिशत) खाद्यान्न न्यून हुन गएकोमा आगामी बालि नभित्रचाए सम्म खाद्यान्न मूल्य उच्च रहने अनुमान छ।


### उल्लेख्य मूल्य परिवर्तन (गत महिना)

| जिल्ला/ खाद्यवस्तु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | % परिवर्तन १ महिना | अवलोकन |
|---|---|---|---|
| **मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक बुद्धि** | | | |
| डोल्पा | विभिन्न खाद्यान्न | १०% | आपूर्तिमा ढीलाई |
| **मूख्य खाद्यवस्तुहरुको मूल्यमा भएको अत्यधिक कमी** | | | |
| आलु | १९.७ | -३५% | हालसालै भित्रचाइएको बालि राम्रो भएको। |

### १२ महिनाको औसत मल्य *




### %मूल्यमा परिवर्तन (१ महिना/१ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP)
गुगल ग्रुपको विद्युतय ठेगाना http://groups.google.com/group/NeKSAP?hl=er मा हेर्न सकिनेछ ।

† मूल्यहरु माघ महिनाको मूल्य संग सम्बन्धित छ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो। तर सडक नपुगेको हिमाली तथा पहाडी बजारहरु समावेश छैनन्।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छ।



नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली
Nepal Khadhya Surakshya Anugaman Pranali (NeKSAP)
Nepal Food Security Monitoring System

# बजार अवलोकन-२२ *विभिन्न बजारहरुमा प्रमुख खाद्य बस्तुहरुको खुद्रा मूल्य*

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजी नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटो चामल | ३२.० | ०.० | -२०.० | -११.१ | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | २९.० | ३.६ | ११.५ | ११.५ | ▶ | ▲ | ▶ |
| | भटमासकोतेल | ९७.० | ०.० | ११.५ | -१९.८ | ▶ | ▲ | ▼ |
| | कुखुराको मासु | २७३.० | -२.५ | ४३.७ | ४ | ▶ | ▲ | ▲ |
| | तोरीको तेल | १०७.० | ०.० | ०.० | -२१.९ | ▶ | ▶ | ▼ |
| | मास | १३३.० | ०.० | १३.७ | ५६.६ | ▶ | ▲ | ▲ |
| | मूसूरो | १०७.० | ०.० | -५.३ | १०.३ | ▶ | ▶ | ▶ |
| | रातो आलु | २१.० | -३४.४ | -४७.५ | २३.५ | ▼ | ▼ | ▲ |
| पोखरा | मोटो चामल | ३६.० | ४.७ | २.९ | -२.७ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | ६.३ | ६.३ | २१.४ | ▲ | ▶ | ▲ |
| | भटमासकोतेल | ९८.० | -१०.९ | ८.९ | -२१.६ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | २५०.० | ४.२ | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | तोरीको तेल | १४५.० | ३.६ | ३.६ | -६.५ | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | -१.६ | -१.६ | ५०.० | ▶ | ▶ | ▲ |
| | मूसूरो | १००.० | -६.५ | -१०.७ | ०.० | ▼ | ▼ | ▶ |
| | रातो आलु | २२.० | -३७.१ | -५२.२ | २२.२ | ▼ | ▼ | ▲ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| बिराटनगर | मोटो चामल | २३.० | -८.० | -११.५ | -४.२ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | २७.० | १२.५ | ०.० | १२.५ | ▲ | ▶ | ▶ |
| | भटमासकोतेल | १००.० | ७.५ | ०.० | -१५.३ | ▲ | ▶ | ▼ |
| | कुखुराको मासु | २७०.० | ८.० | ३.८ | ५४.३ | ▲ | ▶ | ▲ |
| | तोरीको तेल | १२०.० | -६.३ | -७.७ | -५.५ | ▼ | ▶ | ▶ |
| | मास | ११५.० | -४.२ | २१.१ | ५४.४ | ▶ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | रातो आलु | १०.० | -६८.८ | -७५.० | ०.० | ▼ | ▼ | ▶ |
| बिरगंज | मोटो चामल | २८.० | ३.७ | ०.० | १९.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | २५.० | ४.२ | ४.२ | ८.७ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९८.० | ४.३ | -५.८ | -१०.९ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २२०.० | -१२.० | ०.० | २२.२ | ▼ | ▶ | ▲ |
| | तोरीको तेल | १२०.० | ९.१ | ४.३ | -४.० | ▲ | ▶ | ▶ |
| | मास | ७४.० | -५.१ | -९.० | ११.४ | ▼ | ▶ | ▶ |
| | मूसूरो | १०६.६ | १.९ | ६.० | १२.८ | ▶ | ▶ | ▶ |
| | रातो आलु | १२.० | -५३.८ | -६४.७ | ३३.३ | ▼ | ▼ | ▲ |
| नेपालगंज | मोटो चामल | ३०.० | ०.० | ११.१ | २५.० | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | २४.० | ०.० | -४.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | ०.० | ०.० | -३०.८ | ▶ | ▶ | ▼ |
| | कुखुराको मासु | २१३.० | - | ०.० | १८.३ | - | ▶ | ▲ |
| | तोरीको तेल | १००.० | ०.० | -७.४ | -२५.९ | ▶ | ▶ | ▼ |
| | मास | १२५.० | ३१.६ | २२.५ | ७८.६ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १००.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | रातो आलु | २०.० | ०.० | -३३.३ | ६६.७ | ▶ | ▼ | ▲ |
| धनगढी | मोटो चामल | २६.१ | -३.७ | -३.७ | ०.४ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २६.५ | १.९ | १५.२ | १०.४ | ▶ | ▲ | ▶ |
| | भटमासकोतेल | ७०.० | ०.० | - | -१७.६ | ▶ | - | ▼ |
| | कुखुराको मासु | २००.० | -३३.३ | -१६.७ | १७.६ | ▼ | ▼ | ▲ |
| | तोरीको तेल | १२०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| | मास | १३०.० | ८.३ | ४.० | १६.१ | ▲ | ▶ | ▲ |
| | मूसूरो | ११०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | रातो आलु | ११० | -४५.० | -५६.० | ६९.२ | ▼ | ▼ | ▲ |

▲ सामा१.९न्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको
▶ सामान्य ०.०मूल्य परिवर्तन
▼ सामान्य मूल्य-३३.३ परिवर्तन भन्दा मूल्य घटेको
यदि मूल्य परिवर्तन १ म०.०हनामा ५% सम्म , ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिन्छ ।

| बजार | मुख्य खाद्यवस्तुहरु | हालको मूल्य (नेरु/केजि नेरु/लि.) | मूल्यमा परिवर्तन (%)* १ महिना | ३ महिना | १ वर्ष | औसत मासिक परिवर्तन १म | ३म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटो चामल | २८.८ | १६.७ | ७.७ | ३.७ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | २६.० | ४.० | -३.७ | ८.३ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | ९०.० | -५.३ | ०.० | -३०.८ | ▼ | ▶ | ▼ |
| | कुखुराको मासु | १६०.० | -४२.९ | -११.१ | -५.९ | ▼ | ▼ | ▶ |
| | तोरीको तेल | १५०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | १३.६ | २५.० | ७८.६ | ▲ | ▲ | ▲ |
| | मूसूरो | १२५.० | ०.० | ०.० | ३१.६ | ▶ | ▶ | ▲ |
| | रातो आलु | १५.० | -२५.० | -५७.१ | २५.० | ▼ | ▼ | ▲ |
| **सडकको पहुंच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटो चामल | २६.० | ०.० | ०.० | ८.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३१.० | ३.३ | ३.३ | १९.२ | ▶ | ▶ | ▲ |
| | भटमासकोतेल | १०५.० | ०.० | ५.० | -११.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३४०.० | ५९.६ | ५९.६ | ४९.१ | ▲ | ▶ | ▲ |
| | मास | १००.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | मूसूरो | ११०.० | ०.० | ०.० | १५.८ | ▶ | ▶ | ▲ |
| | रातो आलु | २५.० | -२८.६ | -२८.६ | ७८.६ | ▼ | ▼ | ▲ |
| रोल्पा | मोटो चामल | ३५.० | ०.० | ०.० | २५.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३५.० | -३०.० | -३०.० | ६.१ | ▼ | ▼ | ▶ |
| | भटमासकोतेल | १३०.० | ८.३ | ८.३ | -४.४ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २६०.० | ३०.० | ३०.० | ३३.३ | ▲ | ▶ | ▲ |
| | मास | ९५.० | -२०.८ | -२०.८ | १०.५ | ▼ | ▶ | ▶ |
| | मूसूरो | १२५.० | ४.२ | ४.२ | ३७.४ | ▶ | ▲ | ▲ |
| | रातो आलु | ३०.० | -२५.० | -२५.० | २५.० | ▼ | ▼ | ▲ |
| सांफेबगर | मोटो चामल | ३०.० | ०.० | ०.० | १३.२ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ३२.० | ६.७ | ६.७ | ४.९ | ▲ | ▶ | ▶ |
| | भटमासकोतेल | | - | - | - | - | - | - |
| | कुखुराको मासु | ३००.० | - | ०.० | ५७.९ | - | ▶ | ▲ |
| | मास | १२०.० | ०.० | ०.० | ४७.२ | ▶ | ▶ | ▲ |
| | मूसूरो | १२०.० | ०.० | ०.० | ४६.३ | ▶ | ▶ | ▲ |
| | रातो आलु | ३०.० | -४०.० | -४०.० | -२३.१ | ▼ | ▼ | ▼ |
| जुम्ला | मोटो चामल | ५०.० | -२३.१ | -३७.५ | ८.७ | ▼ | ▼ | ▶ |
| | गहुँको पिठो | ६०.० | -३३.३ | -३३.३ | ३३.३ | ▼ | ▼ | ▲ |
| | भटमासकोतेल | १४०.० | -१२.५ | -१२.५ | ०.० | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | ३००.० | - | ०.० | २०.० | - | ▶ | ▲ |
| | मास | ११०.० | - | २२.२ | ४८.६ | - | ▲ | ▲ |
| | मूसूरो | १३०.० | ८.३ | ८.३ | ५२.९ | ▲ | ▶ | ▲ |
| | रातो आलु | २०.० | -२०.० | -२०.० | ११.१ | ▼ | ▼ | ▶ |
| **सडकको पहुंच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटो चामल * | ३५.० | ०.० | ९.३८ | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २२०.० | — | ०.० | ३७.५ | - | ▶ | ▲ |
| | भटमासकोतेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सिमी | १००.० | २५.० | १०० | १०० | ▲ | ▲ | ▲ |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | रातो आलु | ३५.० | -१२.५ | १६.६ | १६.६ | ▼ | ▲ | ▲ |
| डोल्पा | मोटो चामल | ९०.० | ०.० | ०.० | २८.६ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | १००.० | -४.८ | -४.८ | ११.१ | ▶ | ▶ | ▶ |
| | भटमासकोतेल | २००.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | सिमी | १५०.० | २०.० | २०.० | ६६.७ | ▲ | ▲ | ▲ |
| | मास | - | - | - | - | - | - | - |
| | मूसूरो | २००.० | ०.० | ०.० | १७.६ | ▶ | ▶ | ▲ |
| | रातो आलु | ५०.० | २५.० | २५.० | १०० | ▲ | ▲ | ▲ |
| बाजुरा | मोटो चामल | ३३.४ | - | -२५.८ | २३.७ | - | ▼ | ▲ |
| | गहुँको पिठो | ४६.० | - | ९.५ | ९.५ | - | ▶ | ▶ |
| | सिमी | | - | - | - | - | - | - |
| | मास | १३०.० | - | - | ६२.५ | - | - | ▲ |
| | मूसूरो | १३०.० | - | - | ३०.० | - | - | ▲ |
| | रातो आलु | ३०.० | - | ५०.० | ०.० | - | ▲ | ▶ |

यो बजार अवलोकन विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रबर्धन तथा बजार बिकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मन्चको संयुक्त सहकार्यमा तयार पारीएको हो । यो मूल्य तथा बजारको बिकास क्रम बारेमा समयानुकुल सूचना र पूर्व जानकारी प्रदान गर्नकोलागि गरीएको पहल हो ।खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://groups.google.com/group/NeKSAP?hl=en मा हेर्न सकिनेछ ।न्य जानकारीकोलागि सम्पर्क : खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण इकाई, विश्व खाद्य कार्यक्रम, पाटन ढोका, ललितपुर, पो. ब. १०७, टेलिफोन : ५५४२६०७ –२४२–५



यो परियोजना युरोपियन युनियन अन्तर्गत खाद्य सहयोग कोषको सहयोगमा संचालित छ ।
यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिबिम्बित गर्दछ भन्ने कुनै जरुरी छैन ।